राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ५६ २०८३ भदौ २८ गते आईतवार (13 Sep. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## प्रहरीको नाममा रकम असुलेको आरोपमा वडाध्यक्षका प्रत्याशी पक्राउ

दैनिक समाचारदाता

रौतहट, २७ भदौ । प्रहरीको नाम र पहुँच प्रयोग गरी थुनुवालाई छुटाइदिने भन्दै एक लाख रुपैयाँ लिएको आरोपमा रौतहटमा वडाध्यक्ष पदका एक प्रत्याशी पक्राउ परेका छन् ।



गरुडा नगरपालिका-९ श्रीपुरका वडाध्यक्ष पदका प्रत्याशी शेख हुसैनलाई ठगीको आरोपमा प्रहरीले पक्राउ गरी अनुसन्धान अघि बढाएको हो ।

श्रीपुरमा भएको झगडाका क्रममा प्रहरीमाथि दुर्व्यवहार गरेको आरोपमा रामजन मियाँ पक्राउ परेका थिए । त्यसपछि हुसैनले मियाँकी श्रीमतीलाई प्रहरीसँग कुरा गरी मुद्दा मिलाइदिने तथा उनका श्रीमानलाई छुटाइदिने आश्वासन दिएको आरोप छ । सोही आश्वासनमा उनले एक लाख रुपैयाँ लिएको प्रहरीको भनाइ छ ।

तर, रकम बुझाएपछि पनि मियाँ रिहा नभएपछि उनकी श्रीमतीले आफू ठगीमा परेको भन्दै इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएकी थिइन् । जाहेरीका आधारमा हुसैनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक शंकरप्रसाद आचार्यका अनुसार प्रहरीको नाममा रकम असुली गरेको आरोपमा हुसैनलाई पक्राउ गरी जिल्ला अदालत गौरबाट म्याद लिएर थप अनुसन्धान भइरहेको छ ।

यसै घटनामा गरुडा नगरपालिका-९ का वर्तमान वडाध्यक्ष राजेश सहनीविरुद्ध पनि थुनुवा छुटाइदिने भन्दै रकम असुलेको आरोपमा जाहेरी परेको छ । सहनीमाथि लागेको आरोपबारे समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । तर, सहनीले भने रामजनलाई छुटाउन आफूले कसैसँग रकम नलिएको भन्दै आरोप अस्वीकार गरेका छन् ।

घटनामा अन्य व्यक्तिको संलग्नता भए/नभएको विषयमा समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## अधिकार र न्यायका लागि अग्रगामी मोर्चा

### सत्ता स्वार्थका लागि कांग्रेस-एमालेसँग सहकार्य गर्नु गल्ती भएको उपेन्द्र यादवको स्वीकारोक्ति; संविधान संशोधनदेखि लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नेसम्मका मुद्दामा संघर्ष गर्ने नेताहरूको प्रतिबद्धता

दैनिक समाचारदाता

जनकपुरधाम, २७ भदौ । ९ दलीय अग्रगामी मोर्चाका नेताहरूले मुलुकमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक तथा प्राकृतिक संकट समाधानसँगै उत्पीडित, दलित, मधेशी, थारु र पछाडि पारिएका समुदायको अधिकार सुनिश्चित गर्न संघर्ष गर्ने प्रतिबद्धता जनाएका छन् ।

जनकपुरधाममा शनिबार ९ दलीय अग्रगामी मोर्चाको मधेश प्रदेश समन्वय समितिले आयोजना गरेको बृहत् कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रममा मोर्चामा आबद्ध दलका शीर्ष नेताहरूले संविधान संशोधन, संघीयता सुदृढीकरण, समानुपातिक प्रतिनिधित्व, सुशासन, न्याय तथा आन्दोलनका क्रममा उठेका माग सम्बोधनका लागि साझा अभियान अघि बढाउने बताएका हुन् ।




जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले विगतमा सत्ता स्वार्थका लागि नेपाली कांग्रेस र नेकपा एमालेसँग सहकार्य गर्नु आफ्नो पार्टीको ठूलो गल्ती भएको स्वीकार गरे । उनले कम्युनिस्ट पार्टीहरू सिद्धान्तबाट विचलित भएर सत्ताकेन्द्रित बनेको आरोप लगाउँदै मुलुकको वर्तमान अवस्थाका लागि एमाले प्रमुख जिम्मेवार रहेको दाबी गरे ।

मधेश प्रदेश गठन भए पनि मधेशी समुदायको शासन, प्रशासन, भाषा र संस्कृतिसम्बन्धी अधिकार अझै पूर्णरूपमा स्थापित हुन नसकेको यादवको भनाइ थियो । उनले जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित नगरेसम्म वास्तविक लोकतन्त्र स्थापित हुन नसक्ने जिकिर गरे ।

वर्तमान सरकारलाई 'कठपुतली सरकार'को संज्ञा दिँदै यादवले नागरिकमाथि जन्मदेखि मृत्युसम्म विभिन्न प्रकारका करको भार थपिएको आरोप लगाए । संसद्मा मधेशी समुदायका प्रतिनिधि भए पनि अधिकारका विषयमा प्रभावकारी आवाज उठ्न नसकेको भन्दै उनले अब सडक आन्दोलनको विकल्प नरहेको बताए ।

संविधान संशोधन, संघीयता सुदृढीकरण, सुशासन र न्यायका विषयमा सरकार प्रतिबद्धताबाट पछि हटेको आरोप लगाउँदै यादवले चाडपर्वपछि जनताको न्यायका लागि ठूलो आन्दोलन गर्ने चेतावनीसमेत दिए ।

यादवले रसुवामा भएको बाढीलाई सामान्य विपत्ति नभई ठूलो राष्ट्रिय संकटका रूपमा लिनुपर्ने बताए । बाढीको कारणबारे वैदेशिक पक्षसमेत जोडिएको दाबी गर्दै उनले क्षतिपूर्तिका लागि अन्तर्राष्ट्रिय तहमा पहल गर्नुपर्ने धारणा राखे । प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघको महासभामा रसुवा बाढीको विषयलाई प्राथमिकताका साथ उठाउनुपर्ने उनको भनाइ थियो ।

प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष जनार्दन शर्मा 'प्रभाकर'ले ९ दलीय अग्रगामी मोर्चा कुनै निर्वाचनलाई लक्षित गरेर गठन नगरिएको स्पष्ट पारे । उनले मुलुकको वर्तमान राजनीतिक आवश्यकता र उत्पीडित वर्गको

बाँकी पृष्ठ ४मा

## नागरिक चबुतरामा मधेशका ३४ मुद्दा

### भ्रष्टाचार, सुशासनदेखि जातीय विभेद, महिला हिंसा र मानव बेचबिखनसम्मका सवाल उठान; प्राथमिकताका आधारमा मुद्दा छनोट गरी पैरवी र समाधानमा लैजाने तयारी

दैनिक समाचारदाता

जनकपुरधाम, २७ भदौ । मधेश प्रदेशमा सुशासन, सामाजिक न्याय, महिला तथा बालबालिकाको अधिकार, शिक्षा, स्वास्थ्य र सामाजिक विकृतिसँग सम्बन्धित ३४ वटा मुद्दा विभिन्न सरोकारवाला निकाय तथा व्यक्तिहरूले उठाएका छन् ।

नेपाल मधेश फाउण्डेशनद्वारा सञ्चालित नागरिक चबुतरामा सहभागी विभिन्न क्षेत्रका व्यक्तिहरूले सरकारी कार्यालयमा हुने घुसखोरी, सेवाप्रवाहमा ढिलासुस्ती, सेवाग्राहीमाथि हुने दुर्व्यवहार, स्थानीय तथा प्रदेश तहमा हुने भ्रष्टाचार, राजनीतिक पहुँच, नातावाद र कृपावादका आधारमा हुने नियुक्तिलगायतका विषय उठाएका हुन् ।



त्यस्तै, कार्यस्थलमा महिलामाथि हुने यौनजन्य दुर्व्यवहार, घरेलु हिंसा, दाइजो प्रथा, जातीय विभेद तथा छुवाछुत, सामाजिक बहिष्करण, बालविवाह, युवामा बढ्दो लागुऔषध दुर्व्यसन, परीक्षा तथा शिक्षामा हुने अनियमितता र नक्कल, महिला तथा बालबालिकाको मानव बेचबिखन तथा रोजगारीका नाममा हुने ठगीलाई पनि प्रमुख मुद्दाका रूपमा प्रस्तुत गरिएको छ ।

मधेश प्रदेशमा यस्ता सामाजिक तथा सुशासनसम्बन्धी समस्या लामो समयदेखि जरा गाडेर बसेको भन्दै सहभागीहरूले यसको दीर्घकालीन समाधानका लागि प्रभावकारी पहल आवश्यक रहेको बताएका छन् ।

चबुतरामा उठाइएका मुद्दाको समाधानका लागि सार्वजनिक पैरवी तथा जनचेतनामूलक अभियान सञ्चालन गर्ने, सरकारी तथा सरोकारवाला निकायसँग पैरवी तथा संवाद गर्ने, बहुसरोकारवालाबीच छलफल अघि बढाउने र प्रदेश सरकारले निर्माण गरेका कानून तथा नीतिको कार्यान्वयन अवस्थाबारे सम्बन्धित निकायको ध्यानाकर्षण गराउने सुझाव दिइएको छ । यस्तै, आवश्यक मुद्दामा अनुसन्धान तथा प्रमाण संकलन गरी समाधानको प्रक्रियालाई अघि बढाउने विषयमा समेत छलफल भएको छ ।

बाँकी पृष्ठ ४मा

## अस्पतालबाहिरै प्रसूति गराइएको घटनाप्रति दलित मोर्चाको आपत्ति

दैनिक समाचारदाता

जनकपुरधाम, २७ भदौ । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमा उपचारका लागि पुगेकी दलित समुदायकी महिलालाई अस्पताल परिसरबाहिरै प्रसूति हुनुपरेको घटनाप्रति नेपाल दलित मोर्चाले गम्भीर आपत्ति जनाएको छ ।



नेपाल दलित मोर्चाका केन्द्रीय उपसंयोजक राम अवतार पासवानले जारी गरेको विज्ञप्तिमा राजविराज नगरपालिका-१४ पर्साहीकी बबिता देवी पासवानलाई आर्थिक अभावका कारण अस्पताल पुगे पनि प्रसूति गराउने समयमा उचित सहयोग नपाएको आरोप लगाइएको छ ।

विज्ञप्तिमा सुत्केरीका बेला अस्पतालमा व्यथा लागेपछि प्रसूति गराउन जाने तर आर्थिक अभावका कारण अस्पतालले बेवास्ता गरेको र व्यथा लागेका बेला केही वास्ता नगरी हेलामा हलुवाट लखेटी भगाइदिएको उल्लेख गरिएको छ । त्यसपछि ती महिलाले सडकको पेटीमै बच्चा जन्माउनुपरेको भन्दै घटनालाई क्रूर र अमानवीय भनिएको छ ।

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# विपद् कानुन अब बदलिनुपर्छ

जलवायु परिवर्तनको प्रभावसँगै प्राकृतिक विपद्का घटना बढिरहेका छन्। बाढी, डुबान, अतिवृष्टि, सुख्खा, गर्मीको चरम अवस्था, भूक्षय र पहिरोजस्ता विपद्का स्वरूप तथा जोखिम पनि बदलिँदै गएका छन्। यस्तो अवस्थामा सात वर्षअघि निर्माण गरिएको मधेश प्रदेशको विपद् व्यवस्थापन ऐन, २०७५ को प्रभावकारिता र सान्दर्भिकतामाथि समीक्षा सुरु हुनु सकारात्मक कदम हो। तर समीक्षा औपचारिकतामा सीमित नभई समयअनुकूल र प्रभावकारी कानुन निर्माणको आधार बन्न आवश्यक छ।

विपद् व्यवस्थापन भन्नासाथ हाम्रो राज्य संयन्त्रको ध्यान प्रायः विपद् आएपछि उद्धार र राहतमा केन्द्रित हुने गरेको छ। तर आधुनिक विपद् व्यवस्थापनको मूल आधार विपद् आउन नदिन वा त्यसबाट हुने क्षति न्यून गर्न पूर्वतयारी, जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित पूर्वाधार र समुदायको क्षमता अभिवृद्धि हो। त्यसैले अब बन्ने कानुनले राहत वितरणभन्दा जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राख्नुपर्छ।

मधेश प्रदेशका लागि विपद्को प्रश्न अझ संवेदनशील छ। समथर भूगोल, सीमित जलनिकास, नदीको बाढी, डुबान, अनियन्त्रित सहरीकरण, चुरे विनाश, भूक्षय र भूमिगत जलस्रोतमा बढ्दो दबाबले प्रदेशलाई बहुआयामिक जोखिमतर्फ धकेलिरहेको छ। चुरे संरक्षणलाई विपद् व्यवस्थापनसँग अलग गरेर हेर्न सकिँदैन। चुरे कमजोर हुँदा पानीको बहाव, भूक्षय, बाढी र डुबानको जोखिम बढ्छ भने दीर्घकालमा खानेपानी र कृषि प्रणालीसमेत प्रभावित हुन्छ। त्यसैले चुरे संरक्षणलाई विपद् न्यूनीकरणको अभिन्न आधारका रूपमा कानुनमै स्थापित गर्नुपर्छ।

त्यसैगरी स्थानीय तहलाई जिम्मेवारी दिएर मात्र हुँदैन, आवश्यक स्रोत, जनशक्ति, प्रविधि र दक्षता पनि उपलब्ध गराउनुपर्छ। विपद्को पहिलो प्रभाव स्थानीय तहमा पर्ने भएकाले स्थानीय सरकारलाई पूर्वतयारीदेखि उद्धार, राहत र पुनःस्थापनासम्म सक्षम बनाउन आवश्यक छ। जोखिमयुक्त बस्तीको पहिचान, सुरक्षित स्थानको निर्धारण, आपत्कालीन सामग्रीको भण्डारण र नियमित अभ्यासलाई कानुनी दायित्व बनाउन सकिन्छ।

पूर्वसूचना प्रणाली पनि अब विलासिता होइन, अनिवार्य आवश्यकता हो। समयमै सूचना पाउन सके धेरै मानवीय क्षति रोक्न सकिन्छ। त्यसका लागि मौसम तथा जलसम्बन्धी सूचना स्थानीय समुदायसम्म सरल र तत्काल पुग्ने व्यवस्था आवश्यक छ।

विपद्पछिको पुनःस्थापना पनि कानुनको महत्वपूर्ण पक्ष बन्नुपर्छ। प्रभावित परिवारलाई राहत दिएर मात्र राज्यको दायित्व पूरा हुँदैन। उनीहरूको आवास, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य र पूर्वाधार पुनःस्थापनालाई दीर्घकालीन योजनासँग जोड्नुपर्छ।

मधेशको विपद् व्यवस्थापन ऐन संघीय कानुनको प्रतिलिपि बन्नु हुँदैन। प्रदेशको भूगोल, जोखिम, सामाजिक संरचना र वातावरणीय अवस्थालाई केन्द्रमा राखेर यसको पुनरावलोकन आवश्यक छ। विज्ञ, स्थानीय तह, प्रदेशसभा, सुरक्षा निकाय, नागरिक समाज, सञ्चार क्षेत्र र प्रभावित समुदायको अनुभवलाई समेटेर ऐन संशोधन गरिनुपर्छ।

अन्ततः विपद् व्यवस्थापनको सफलता कानुन बनेको तथ्यमा होइन, विपद् आउँदा राज्य कति तयार छ र क्षति कति घटाउन सक्छ भन्ने कुरामा निर्भर हुन्छ। त्यसैले अहिले सुरु भएको उत्तर विधायिकी परीक्षणलाई अवसरका रूपमा उपयोग गर्दै मधेशले उद्धार र राहतमा मात्र आधारित होइन, जोखिम न्यूनीकरण, पूर्वतयारी र दिगो पुनःस्थापनामा आधारित विपद् व्यवस्थापन प्रणाली निर्माण गर्नुपर्छ। बदलिँदो जलवायु जोखिमसँगै कानुन पनि बदलिन सके मात्र सुरक्षित मधेशको आधार तयार हुनेछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# आत्महत्या व्यक्तिगत कारण हो वा सामाजिक ?



अनन्त अर्याल

विश्व आत्महत्या रोकथाम दिवस प्रत्येक वर्ष सेप्टेम्बर १० मा मनाउँदा केही औपचारिक कार्यक्रम हुन्छन्। सचेतनामूलक सन्देश प्रसारित हुन्छन्, मानसिक स्वास्थ्यबारे चर्चा हुन्छ। तर दिवस सकिएपछि आत्महत्यालाई फेरि प्रायः एउटा निजी दुःख, व्यक्तिगत मानसिक समस्या वा पारिवारिक घटनाका रूपमा सीमित गरिन्छ। तथ्याङ्कले भने अर्कै कथा सुनाइरहेको छ। आत्महत्या केवल व्यक्तिको मन-मस्तिष्क भित्र हुने घटना होइन। यो हाम्रो समाज, अर्थतन्त्र, राज्यको सेवा प्रणाली र जलवायु परिवर्तनको उपज पनि हो। नेपाल प्रहरीको आर्थिक वर्ष ०८१ देखि ०८३ को प्रदेशगत तथ्याङ्कले पनि यस्तै असहज ऐना देखाएको छ। सात प्रदेशमा अभिलेख भएका आत्महत्या मृत्यु ६ हजार आठ सय ६६ बाट बढेर ७ हजार एक सय ४० पुगेको छ। तर सङ्ख्या बढ्यो वा घट्यो भन्ने प्रश्न मात्र पर्याप्त हुँदैन। अझ महत्त्वपूर्ण प्रश्न हो- कसले आत्महत्या गरिरहेका छन् ? कहाँका मानिस बढी जोखिममा छन् ? र, किन केही निश्चित समूहका मानिस अरूभन्दा बढी असुरक्षित छन् ? नेपाल प्रहरीको तथ्याङ्कले लिङ्ग र उमेरका आधारमा देखाएको चित्र विशेषतः मधेसका महिला र बालिकाको सन्दर्भमा गम्भीर छ।मधेस प्रदेशमा ०८१/०८२ मा आत्महत्याबाट मृत्यु भएकामध्ये महिला र बालिका मिलाएर करिब ५७ प्रतिशत थिए। अर्को वर्ष यो हिस्सा बढेर करिब ६२ प्रतिशत पुगेको छ। अझ चिन्ताजनक तथ्य बालिकाको हो। मधेसमा बालिकाको हिस्सा १९.५ प्रतिशतबाट २२.५ प्रतिशत पुगेको देखिन्छ। सङ्ख्यामा हेर्दा बालिकाको मृत्यु दुई सय ४६ बाट ३०३ पुगेको छ। यो झण्डै २३ प्रतिशतको वृद्धि हुन आउँछ। यसको अर्थ मधेसको आत्महत्या सङ्कटलाई सामान्य औसतभित्र राखेर बुझ्न मिल्दैन। त्यहाँ लिङ्ग र उमेरको एउटा विशेष ढाँचा देखापरेको छ, जसले छुट्टै अनुसन्धान र नीतिगत हस्तक्षेपको माग गर्छ।

लुम्बिनी प्रदेशको तस्बिर पनि बेवास्ता गर्न मिल्ने खालको छैन। उपलब्ध तथ्याङ्कमा महिला र बालिकाको संयुक्त हिस्सा करिब ४२ प्रतिशतको आसपास रहेको छ र बालिकाको हिस्सा बढेको देखिन्छ। त्यसैले मधेसको जस्तो अत्यधिक असन्तुलन नदेखिए पनि महिला र बालबालिकाको दृष्टिले लुम्बिनी पनि गम्भीर निगरानी र नीतिगत हस्तक्षेपको पर्खाइमा रहेको प्रदेश हो।

मधेसमा अभिलेख भएका आत्महत्या मृत्युमध्ये महिला र बालिकाको हिस्सा असाधारण रूपमा ठूलो छ भन्ने निष्कर्ष तथ्याङ्कले स्पष्ट रूपमा देखाउँछ। यसलाई राष्ट्रिय परिप्रेक्ष्यमा हेर्दा पनि समस्या सानो छैन। नेपाल प्रहरीको ०८०/०८१ को रेकर्ड अनुसार देशभर ७ हजार दुई सय २३ आत्महत्या मृत्यु अभिलेख भएका थिए, जसमा करिब ५६ प्रतिशत पुरुष, ३३ प्रतिशत महिला, ८ प्रतिशत बालिका र ४ प्रतिशत बालक थिए। अझै पनि दुर्गममा मृत्युका कारण सधैँ स्पष्ट रूपमा अभिलेख हुँदैन।

भौगोलिक कठिनाइ, सामाजिक कलङ्क, पारिवारिक प्रतिष्ठाको चिन्ता, धार्मिक र सांस्कृतिक दबाब तथा मृत्युको कारण सार्वजनिक हुन नदिन खोज्ने प्रवृत्तिले केही घटनाहरू औपचारिक अभिलेखसम्म नपुग्न सक्छन्। महिला र किशोरीका घटनामा यो समस्या अझ संवेदनशील हुन सक्छ। तथापि, उपलब्ध राष्ट्रिय स्रोतहरूले यस्ता घटनाको वास्तविक सङ्ख्या कति हो भन्ने निश्चित सङ्ख्या दिँदैनन्। त्यसैले 'प्रहरीको तथ्याङ्कभन्दा वास्तविक सङ्ख्या यति धेरै छ' भनेर दाबी गर्नु भन्दा पनि वर्तमान तथ्याङ्क आफैँ अपूर्ण हुन सक्ने सम्भावनालाई अनुसन्धानको विषय बनाउनुपर्छ।

यही कारणले राष्ट्रिय रजिस्ट्रीको आवश्यकता महत्त्वपूर्ण छ। विश्व स्वास्थ्य संगठनले नेपालमा आत्महत्या रोकथाम र तथ्याङ्क प्रणाली विस्तारको काम भइरहेको जनाएको छ। सही नीति बनाउन मृत्युको सङ्ख्या मात्र होइन, उमेर, लिङ्ग, भूगोल, पेसा, आर्थिक अवस्था र अन्य सामाजिक अवस्थासँग सम्बन्धित विश्वसनीय जानकारी आवश्यक हुन्छ।

### *मनोवैज्ञानिक मात्र होइन, सामाजिक प्रश्न*

हामी आत्महत्याको चर्चा गर्ने बित्तिकै त्यसलाई मानसिक रोग वा व्यक्तिको मनोवैज्ञानिक अवस्थासँग जोडेर निष्कर्ष निकाल्ने गर्छौं। मानसिक स्वास्थ्य निस्सन्देह महत्त्वपूर्ण पक्ष हो। तर त्यसलाई मात्र कारण मान्नु भनेको सामाजिक संरचनाको भूमिकालाई नजरअन्दाज गर्नु हो।

फ्रान्सेली समाजशास्त्री एमिल दुर्खाइमले एक शताब्दी भन्दा अघि आत्महत्यालाई व्यक्तिगत मनोवैज्ञानिक कारणहरूको नतिजाका रूपमा मात्रै नभई सामाजिक सम्बन्ध, एकता र अन्य संरचनाहरूसँग जोडिएको हुन्छ भनेर विश्लेषण गरेका थिए। सी. राइट मिल्सले 'व्यक्तिगत समस्या' र 'सार्वजनिक मुद्दा' बिचको सम्बन्ध बुझाउन जोड दिएका थिए। कोही सफल हुनु र असफल हुनुमा नित्तान्त उसको क्षमता मात्रै जिम्मेवार हुँदैन। तसर्थ कोही आफ्नो असफलताका कारण आत्महत्या गर्छ भने त्यो निजी हुनै सक्दैन। त्यो सामाजिक समस्या हो, आर्थिक, राजनीतिक, सांस्कृतिक संरचनाहरूको उपज हो। त्यसैले आज यो दृष्टिकोण झन् सान्दर्भिक देखिन्छ।

एउटी किशोरी, युवा अनि महिला किन आफ्नै घर, परिवार र समाज भित्र आफ्नो पीडा कसैसँग भन्न नसक्ने अवस्थामा पुग्छन् ? आर्थिक रूपमा परिवारमा निर्भर महिला किन सङ्कटमा सहयोग खोज्न असहज महसुस गर्छन् ? शिक्षित युवा किन दक्ष भएर पनि काम नपाउँदा आफूलाई असफल ठान्न थाल्छ र दोष आफैलाई थोपर्छ। वर्षौंदेखि खडेरी, बाढी वा पहिरोको चक्रमा परेको किसान परिवारको आर्थिक र मानसिक सङ्कटको जिम्मेवार को हो ? यी प्रश्नहरूको उत्तर केवल मनोचिकित्सकको कोठामा खोजेर पुग्दैन।

### *बेरोजगारीको मनोवैज्ञानिक मूल्य*

हाल बेरोजगारी, अपूर्ण वा अर्धरोजगारी र आर्थिक असुरक्षा ठुलो सामाजिक तनावका स्रोत बनेका छन्। रोजगारी हुनु र आर्थिक सुरक्षा हुनु एउटै कुरा होइन। दैनिक ज्यालामा निर्भर कामदार, अस्थायी रोजगारमा रहेका युवा, न्यून आम्दानीमा परिवार धानिरहेका श्रमिक र विदेश जाने वा नजाने अनिश्चिततामा रहेका युवाहरूको अनुभवलाई सामान्य 'रोजगारको तथ्याङ्क' ले व्याख्या गर्न सक्दैन। पछिल्ला वर्षहरूमा उच्च शिक्षा प्रवेशको दर गर्व गर्न लायक छ। तर शिक्षाको विस्तारसँगै पारिवारिक-सामाजिक अपेक्षाको पनि विस्तार चुलिँदो छ। परिवारले पढाइलाई आर्थिक सामाजिक स्तर उकास्ने भऱ्याङका रूपमा हेर्छ। तर डिग्री पूरा भएपछि पनि रोजगारीको अवसर नपाउँदा युवाहरूले बेरोजगारीसँगै असफलता र असक्षमताको सामाजिक भाष्यको भारी बोक्नुपर्छ। 'पढेर पनि के गरिस् ?' भन्ने प्रश्न आर्थिक मात्र होइन, मनोवैज्ञानिक दबाब पनि हो।

गरिबी, ऋण, बेरोजगारी वा अपूर्ण रोजगारीले आत्महत्या निम्त्याउँछ भनेर एउटै कारणमा जटिल घटना सीमित गर्न पनि मिल्दैन। तर आर्थिक असुरक्षाले निराशा, पारिवारिक तनाव र सामाजिक बहिष्करण बढाउँछ भन्ने कुरा अस्वीकार गर्न सकिँदैन। त्यसैले आत्महत्या रोकथामको नीतिमा रोजगारी, सामाजिक सुरक्षा र सङ्कटमा परेका परिवारका लागि लक्षित हस्तक्षेप जरुरी छ।

### *जलवायु सङ्कट र मानसिक असुरक्षा*

नेपाल जलवायु परिवर्तनबाट सिर्जित प्रकोपहरूको उच्च जोखिमयुक्त देश हो। त्यसैले जलवायु परिवर्तन अब केवल वातावरणको मुद्दा रहेन। बाढी, पहिरो, अनियमित वर्षा, खडेरी, पानीको अभाव र बालीको अनिश्चितताले जीविकोपार्जनलाई प्रत्यक्ष असर गर्छ। जब उत्पादन र आम्दानी अनिश्चित हुन्छन्, भूकम्प, बाढी तथा पहिरो जस्ता प्रकोपहरूले जिन्दगीभरको कमाई क्षणभरमै सिद्धाइदिन्छ।

त्यसको असर मानिसको मानसिक स्वास्थ्यमा गम्भीर रूपले पर्छ। विश्व स्वास्थ्य संगठनले जलवायुजन्य विपद् र चरम मौसमी घटनाको मानसिक स्वास्थ्यमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव हुने, र त्यस्ता घटनाले तनाव, चिन्ता, डिप्रेसन तथा आत्महत्यासम्मको जोखिम बढाउन सक्ने उल्लेख गरेको छ।

यसको अर्थ प्रत्येक बाढी, पहिरो वा खडेरीपछि आत्महत्या बढ्छ भन्ने होइन। तर जलवायुजन्य प्रकोप, अभाव, ऋण, विस्थापन र जीविकोपार्जनको सङ्कटलाई मानसिक स्वास्थ्य र आत्महत्या रोकथामको नीतिबाट अलग राख्न मिल्दैन। तसर्थ हालको त्रिशूली विपद् व्यवस्थापनमा राहतसँगै मनोसामाजिक सहयोग र दीर्घकालीन आर्थिक पुनःस्थापनालाई जोड्नुपर्ने आवश्यकता टड्कारो छ।

### *महिला र बालबालिकासम्म राज्य कहिले पुग्ने ?*

नेपालमा मानसिक स्वास्थ्य सेवा विस्तारको सबैभन्दा ठुलो चुनौती नै पहुँच हो। विश्व स्वास्थ्य संगठनको सन् २०२१ को अध्ययन अनुसार नेपालका केवल एक चौथाइ स्वास्थ्य संस्थाले मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउँछन् र तीमध्ये धेरै सेवा प्रमुख सहरमा केन्द्रित छन्। ग्रामीण जनसङ्ख्या तुलनात्मक रूपमा वञ्चित रह्यो।

यहीँ मधेसका केटाकेटी, दुर्गमका महिला तथा बालबालिकाको प्रश्न जोडिन्छ। समस्या हुनु र समस्या व्यक्त गर्न सक्नु एउटै कुरा होइन। परिवारभित्रको नियन्त्रण, लैङ्गिक असमानता, सामाजिक बदनामीको डर, स्थानीय भाषामा सेवा नहुनु र स्वास्थ्य संस्थासम्म पुग्नुपर्ने दूरीले सहयोग खोज्ने सम्भावनालाई कमजोर बनाउँछ। बालबालिका र युवामा मानसिक स्वास्थ्य समस्या अझै पर्याप्त रूपमा पहिचान र उपचार हुन नसकेको तथ्य संयुक्त राष्ट्रसंघीय निकायहरूले औँल्याएका छन्।

नेपालमा १५-२९ वर्ष उमेर समूहमा आत्महत्यालाई मृत्युका प्रमुख कारणमध्ये एक रहेको चित्रण गरिएको र धेरै बालबालिका तथा युवाले आवश्यक सहयोग नपाइरहेको उल्लेख गरिएको छ। त्यसैले अब हरेक स्थानीय तहमा एकजना मनोचिकित्सक राख्ने घोषणाले मात्र पुग्दैन। विद्यालय, स्वास्थ्य चौकी, महिला समूह र समुदायबिच वास्तविक समन्वय प्रणाली चाहिन्छ। परामर्श सेवा स्थानीय भाषा र सामाजिक सन्दर्भअनुकूल हुनुपर्छ। समस्या सङ्कटमा परिणत भएपछि होइन, पहिले नै पहिचान गर्ने व्यवस्था हुनुपर्छ।

### *फरक दृष्टिकोणको आवश्यकता*

आत्महत्याको सन्दर्भमा सार्वजनिक भाषा पनि जिम्मेवार हुनुपर्छ। आत्मदाहका घटनालाई सनसनी, गौरव, साहस, सरकार वा राजनीतिको ध्यान तान्ने उपाय बनाउने प्रवृत्तिले रोकथामको उद्देश्यलाई कमजोर पार्न सक्छ। विश्व स्वास्थ्य संगठनले पनि जिम्मेवार सञ्चार र प्रारम्भिक पहिचानलाई आत्महत्या रोकथामका महत्त्वपूर्ण उपायमध्ये राखेको छ।

सबैले बुझ्नुपर्ने यथार्थ के हो भने- आत्महत्या कुनै एक व्यक्तिको कमजोरी, असक्षमता, असफलताले मात्रै हुने होइन। न त यो केवल मानसिक रोगको उपज हो। यो मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध, असमानता, आर्थिक असुरक्षा, बेरोजगारी, जलवायुजन्य सङ्कट र राज्यको पहुँचबिचको जटिल सम्बन्धको परिणाम हो।

आत्महत्या रोकथाम दिवसको अर्थ एक दिन दुःख व्यक्त गर्नु मात्र होइन। यसको अर्थ तथ्याङ्कभित्र लुकेको तितो तथ्य देख्नु पनि हो। मधेसमा महिला र बालिकाको हिस्सा ५७ प्रतिशतबाट ६२ प्रतिशत पुग्दा त्यसले हाम्रो परिवार, विद्यालय, स्थानीय सरकार र राज्यलाई प्रश्न गरिरहेको छ। हाम्रो जिम्मेवारी, मृत्युपछि सङ्ख्या गन्नु मात्र होइन। हाम्रो जिम्मेवारी त्यो सङ्ख्या बन्नुअघि जीवनसम्म पुग्नु पनि हो।

*(लेखक त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्रमा विद्यावारिधि गर्दै छन्।)*

# बोसको पहिचान दुरुपयोग गरी करोडौँ ठगी

## नक्कली सिम, ओटीपी र मालवेयर प्रयोग गरेर कर्मचारीलाई झुक्याई रकम स्थानान्तरण; २६ राज्यका २५१ उजुरीमाथि अनुसन्धान



अहमदाबाद । अहमदाबाद प्रहरीले साइबर अपराधीहरूले कम्पनीका प्रमुखको पहिचान र तस्बिर दुरुपयोग गरी कर्मचारीलाई झुक्याएर ठूलो रकम स्थानान्तरण गराउने संगठित गिरोहको पर्दाफास गरेको दाबी गरेको छ।

प्रहरीका अनुसार यस्तो ठगीमा कम्पनीका प्रमुखको नाम र प्रोफाइल तस्बिर प्रयोग गरी लेखा वा वित्त विभागका कर्मचारीलाई ह्वाट्सएपमार्फत सन्देश पठाइन्छ। उक्त सन्देशमा तत्काल तोकिएको बैंक खातामा रकम पठाउन निर्देशन दिइन्छ। यस्तो साइबर ठगीलाई 'बोस स्क्याम' भनिन्छ।

सन्देश प्रमुखकै मोबाइल नम्बरबाट नआए पनि कर्मचारीको मोबाइलमा प्रमुखकै नाम र तस्बिर देखिने भएकाले उनीहरू वास्तविक सन्देश भएको ठानेर रकम पठाउने जोखिम हुन्छ।

अहमदाबाद साइबर अपराध प्रहरीले गरेको अनुसन्धानमा नक्कली सिमकार्ड, ओटीपी, ह्वाट्सएप खाता र मालवेयर प्रयोग गर्ने संगठित गिरोह सक्रिय रहेको पाइएको जनाएको छ।

प्रहरीले देशका २६ राज्यमा दर्ता भएका २५१ वटा साइबर अपराधसम्बन्धी उजुरीको अनुसन्धान गरेको छ। ती उजुरीमा करिब ४ हजार ५०० सिमकार्डसँग सम्बन्धित विवरणसमेत समावेश छन्। तीमध्ये तीनवटा उजुरी 'बोस स्क्याम'सँग सम्बन्धित छन्।



प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा यस नेटवर्कको सम्बन्ध भारतबाहेक चीन, पाकिस्तान र हङकङसम्म जोडिएको देखिएको छ। यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### *यसरी भयो बोस स्क्यामको खुलासा*

अहमदाबाद साइबर अपराध प्रहरीमा प्रवीण नागजीभाई बावलियाले दिएको उजुरीअनुसार २३ जुन २०२६ मा उनलाई अपरिचित मोबाइल नम्बरबाट ह्वाट्सएप सन्देश आएको थियो।

सन्देश पठाउने व्यक्तिले आफू भारतीय रिजर्भ बैंक (आरबीआई) को जोखिम नियन्त्रण विभागसँग सम्बन्धित अधिकारी भएको दाबी गरेका थिए। उनको कम्पनीको बैंक खातामा 'असामान्य कारोबार' भइरहेको र खाता रोक्का वा निलम्बन हुन सक्ने चेतावनी सन्देशमा दिइएको थियो। सन्देशसँगै एउटा जिप फाइल पनि पठाइएको थियो।

प्रवीणभाईका अनुसार उनलाई यसअघि पनि करिब छ महिनादेखि यस्ता सन्देश निरन्तर आइरहेका थिए। सुरुमा उनले त्यसलाई बेवास्ता गरे पनि लगातार यस्ता लिङ्क आउन थालेपछि आरबीआईकै सन्देश हुन सक्ने आशंका गरे।

त्यसपछि उनले आफ्नो घरजग्गा कारोबार गर्ने कम्पनीका लेखापाललाई उक्त लिङ्क पठाउँदै खाताको अवस्था बुझ्न र थप जानकारी संकलन गर्न भने।

लेखापालले आफ्नो डेस्कटप कम्प्युटरमा लिङ्क खोलेर फाइल डाउनलोड गरेपछि समस्या सुरु भएको थियो। फाइल डाउनलोड भएपछि साइबर अपराधीले प्रवीणभाईको डेस्कटपबाट ह्वाट्सएप सम्पर्क र सन्देश हेर्न थालेको अनुसन्धानमा खुलेको छ।

यो घटना प्रवीणभाई उदयपुरमा विवाह समारोहमा सहभागी हुन गएको समयमा भएको थियो। अपराधीले उनी उदयपुरमा रहेको जानकारीसमेत पाएको बताइएको छ।

भोलिपल्ट बिहान अपराधीले प्रवीणभाईकै नाम प्रयोग गरी उनको लेखापाललाई ह्वाट्सएप सन्देश पठाए। सन्देशमा कोलकातास्थित एक कपडा कम्पनीको खातामा तत्काल १ करोड ५० लाख भारतीय रुपैयाँ पठाउन भनिएको थियो।

लेखापालले उक्त रकम आरटीजीएसमार्फत स्थानान्तरण गरिदिए।

घटना थाहा पाएलगत्तै प्रवीणभाईले साइबर अपराध शाखामा उजुरी गरे। प्रहरीका अनुसार साइबर हेल्पलाइन १९३० मा उजुरी परेपछि तत्काल कारबाही अघि बढाइएको थियो। ठगी भएको रकममध्ये १ करोड १३ लाख ५३ हजार ७०० रुपैयाँ बरामद वा रोक्का गर्न सफल भएको प्रहरीले जनाएको छ। करिब २५ लाख रुपैयाँ भने विदेश पठाइसकिएको प्रहरीको भनाइ छ।

यस घटनामा संलग्न रहेको आरोपमा प्रहरीले पश्चिम बंगालबाट इरम अली पियादा र इन्जामुल मोल्लाहलाई पक्राउ गरेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

दुवै अभियुक्तका वकिल वा परिवारसँग सम्पर्क गरी उनीहरूको पक्ष जान्ने प्रयास गरिएको भए पनि समाचार तयार पार्दासम्म सम्पर्क हुन नसकेको जनाइएको छ।

### *बोस स्क्याम कसरी सञ्चालन हुन्छ?*

अहमदाबाद साइबर अपराध शाखाकी प्रहरी नायब उपरीक्षक लवीना सिन्हाका अनुसार अपराधीहरूले सुरुमा आरबीआई वा अन्य सरकारी निकायका अधिकारी बनेर कम्पनीका प्रमुख कार्यकारी अधिकृत, निर्देशक वा कर्मचारीलाई ह्वाट्सएप वा इमेलमार्फत जिप फाइल पठाउने गर्छन्।

त्यस्ता जिप फाइलभित्र .भहभ वा .र्मा जस्ता हानिकारक सफ्टवेयरका फाइल राखिएका हुन्छन्। कम्पनीको कम्प्युटर वा ल्यापटपमा ह्वाट्सएप वेबमार्फत यस्ता फाइल चलाइएपछि अपराधीले ह्वाट्सएप वेबको सत्रमाथि नियन्त्रण लिन सक्ने प्रहरीको भनाइ छ।

त्यसपछि कम्पनीका प्रमुख कार्यकारी अधिकृत वा निर्देशकको नाम र प्रोफाइल तस्बिर प्रयोग गरी अपराधीले आफ्नो मोबाइल नम्बरलाई प्रमुखकै नाममा सुरक्षित गर्छन्। त्यसपछि लेखा वा वित्त विभागका कर्मचारीलाई तत्काल रकम पठाउन निर्देशन दिइन्छ।

यस क्रममा नक्कली सिमकार्ड र ओटीपीको समेत महत्वपूर्ण भूमिका हुने प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार ग्राहकको जानकारीबिनै उनीहरूको नाममा सिमकार्ड निकालेर मोबाइल नम्बर सक्रिय गरिएको थियो। ती सिमकार्ड विभिन्न मोबाइलमा प्रयोग गरी त्यसको विवरण साइबर अपराधीलाई उपलब्ध गराइएको थियो।

उक्त नम्बरबाट ह्वाट्सएप खाता सक्रिय गर्दा आवश्यक ओटीपी नक्कली सिमकार्डमै प्राप्त हुन्थ्यो। त्यसपछि ओटीपी साइबर अपराधीलाई उपलब्ध गराइन्थ्यो। यसरी अपराधीले ह्वाट्सएप खातामाथि नियन्त्रण कायम गर्न सफल हुन्थे।



अनुसन्धानका क्रममा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। तीमध्ये एक जना साइबर ठगीमा संलग्न व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्कमा रहेको र मोबाइल नम्बर, नक्कली सिमकार्ड तथा ह्वाट्सएप नियन्त्रणमा लिन सहयोग गर्ने गरेको आरोप छ।

अर्को अभियुक्त एयरटेल, जियो, भीआई र बीएसएनएलजस्ता दूरसञ्चार कम्पनीका लागि बिक्री प्रतिनिधिका रूपमा काम गर्दै आएका थिए। प्रहरीले उनीमाथि ग्राहकको जैविक औँठाछाप र दूरसञ्चार कम्पनीका आवेदन प्रयोग गरी ग्राहकको जानकारीबिना उनीहरूको नाममा सिमकार्ड निकाल्ने र मोबाइल नम्बर अर्को सिममा सक्रिय गर्ने गरेको आरोप लगाएको छ।

### *'साइबर अपराध सेवा' के हो?*

साइबर अपराधको बदलिँदो स्वरूपमा अपराधीले सबै प्राविधिक संरचना आफैं तयार गर्नुपर्ने अवस्था छैन। कसैले नक्कली सिमकार्ड उपलब्ध गराउने, कसैले ओटीपी जुटाउने, अर्कोले ह्वाट्सएप खाता तयार गर्ने र अर्को व्यक्तिले पीडितसँग कुराकानी गरी रकम स्थानान्तरण गराउने गरेको पाइएको छ।

अहमदाबाद प्रहरीले यस्तो तयार डिजिटल सेवा, समूह र स्रोतलाई 'साइबर अपराध सेवा' अर्थात् साइबरक्राइम-एज-ए-सर्भिसको उदाहरणका रूपमा व्याख्या गरेको छ। अर्थात् साइबर अपराध गर्न आवश्यक डिजिटल उपकरण र सेवासमेत आपराधिक समूहबीच खरिद-बिक्री वा उपलब्ध गराउने व्यवस्था विकास भएको देखिन्छ।

अनुसन्धानका क्रममा भेटिएका करिब ४ हजार ५०० सिमकार्डका विवरणका आधारमा प्रहरीले २६ राज्यमा दर्ता भएका २५१ राष्ट्रिय साइबर अपराध रिपोर्टिङ पोर्टलसम्बन्धी उजुरीको अनुसन्धान गरेको जनाएको छ।

तीमध्ये १९४ वटा अनलाइन वित्तीय ठगी, तीनवटा बोस स्क्याम तथा २९ वटा अनलाइन र सामाजिक सञ्जालसम्बन्धी अपराधका उजुरी छन्। यसबाहेक ह्याकिङ, अश्लील सामग्री र बाल यौन शोषणलगायत अन्य साइबर अपराधसम्बन्धी उजुरी पनि अनुसन्धानमा समावेश गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार अनुसन्धानका क्रममा मालवेयर रहेका १० हजारभन्दा बढी उपकरणसमेत बरामद गरिएको छ। अभियुक्तहरूबाट सातवटा मोबाइल फोन र एउटा एयरटेल राउटर पनि बरामद गरिएको छ।

बरामद उपकरणमा रहेका ह्वाट्सएप कुराकानी, समूह, मोबाइल नम्बर तथा अन्य डिजिटल प्रमाणका आधारमा थप अभियुक्त र नेटवर्कका मुख्य सञ्चालकको पहिचान गर्ने काम भइरहेको प्रहरीले जनाएको छ।

अहमदाबाद साइबर अपराध शाखा र भारतीय साइबर अपराध समन्वय केन्द्रको प्राविधिक तथा नेटवर्क विश्लेषणका आधारमा घटनामा प्रयोग भएको मालवेयर चीनसँग सम्बन्धित साइबर अपराधीहरूले विकास गरेको हुन सक्ने आशंका गरिएको छ।

### *बोस स्क्यामबाट कसरी जोगिने?*

अहमदाबाद प्रहरीले यस्ता साइबर ठगीबाट जोगिन विशेष सावधानी अपनाउन आग्रह गरेको छ।

अपरिचित मोबाइल नम्बर वा इमेलबाट प्राप्त जिप, .भहभ, .र्मा वा .बउप फाइल डाउनलोड वा नखोल्न प्रहरीले सुझाव दिएको छ।

ह्वाट्सएप वा इमेलमार्फत रकम पठाउन निर्देशन दिने सन्देश प्राप्त भएमा स्वतन्त्र रूपमा पुष्टि नगरी रकम स्थानान्तरण नगर्न प्रहरीको आग्रह छ।

कम्पनीका प्रमुख वा प्रमुख कार्यकारी अधिकृतका नामबाट तत्काल भुक्तानी गर्न भनिएमा उनीहरूलाई फोन, भिडियो कल वा पहिलेदेखि उपलब्ध वैकल्पिक नम्बरमार्फत प्रत्यक्ष सम्पर्क गरेर पुष्टि गर्नुपर्ने प्रहरीको सुझाव छ।

ह्वाट्सएपमा जोडिएका उपकरणहरू नियमित रूपमा जाँच गर्न र अपरिचित उपकरण जोडिएको भेटिएमा तत्काल लगआउट गर्न पनि प्रहरीले आग्रह गरेको छ। ह्वाट्सएपमा दुई तहको प्रमाणीकरण सुविधा अनिवार्य रूपमा सक्रिय राख्न सुझाव दिइएको छ।

कम्पनीहरूले अपरिचित .भहभ र .र्मा फाइललाई रोक्ने सफ्टवेयरसम्बन्धी नीति लागू गर्नुपर्ने तथा विन्डोज, एन्टिभाइरस र अन्य सुरक्षा प्रणाली नियमित रूपमा अद्यावधिक राख्नुपर्ने प्रहरीले जनाएको छ।

यस्तो साइबर ठगीमा समय अत्यन्त महत्वपूर्ण हुने भएकाले घटना थाहा पाउनेबित्तिकै साइबर हेल्पलाइन १९३० मा सम्पर्क गर्न वा राष्ट्रिय साइबर अपराध रिपोर्टिङ पोर्टलमा उजुरी दर्ता गर्न प्रहरीले आग्रह गरेको छ।

प्रवीणभाईको घटनामा पनि ठगी भएको थाहा पाउनेबित्तिकै उजुरी दर्ता गरिएकाले प्रहरीको तत्काल कारबाहीबाट ठूलो रकम रोक्का तथा बरामद गर्न सम्भव भएको प्रहरीले जनाएको छ।

*स्रोत : बीबीसी गुजराती/कलेक्टिभ न्यूजरुम*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५ जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | २०८३ भदौ २८ गते आईतवार [13 Sep. 2026] | समाचार दैनिक जनकपुर

# संविधान रक्षाका लागि परिवर्तनकारी शक्तिबीच एकता आवश्यक : नेपाल

## मौलिक हक, लोकतन्त्र र संघीयतासहितका उपलब्धि जोगाउन सहकार्यमा जोड; भोटेकोशी बाढीपीडितको खोजी तथा उद्धार तीव्र बनाउन माग

दैनिक समाचारदाता
वीरगञ्ज, भदौ २७ गते । नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले संविधानको रक्षा र प्राप्त उपलब्धिको संरक्षणका लागि परिवर्तनकारी शक्तिबीच एकता र सहकार्य आवश्यक रहेको बताउनुभएको छ ।

शनिबार वीरगञ्जमा आयोजित पत्रकार भेटघाटमा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेपालले ठूलो संघर्ष र बलिदानबाट प्राप्त मौलिक हक, लोकतन्त्र, संघीयता र समावेशितालगायत संवैधानिक उपलब्धिको संरक्षण गर्दै नागरिकका अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्न राजनीतिक शक्तिबीच कार्यगत एकता आवश्यक रहेको बताउनुभयो ।



"संविधान सामान्य परिवर्तनबाट आएको होइन । अहिलेको संविधानको रक्षा गर्न राजनीतिक दलबीच एकता, सहकार्य र समन्वय आवश्यक छ," उहाँले भन्नुभयो, "जनतालाई सुशासनसहितको सेवा प्रवाहमा सबै एक भएर अगाडि बढ्नुको विकल्प छैन ।"

नेपालले आदिवासी, महिला, जनजाति, मधेसी, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र तथा अन्य सीमान्तकृत समुदायका संवैधानिक अधिकारको संरक्षण गर्नु सबैको दायित्व रहेको बताउनुभयो ।

वर्तमान सरकारप्रति जनताको ठूलो अपेक्षा रहेकाले नागरिकको चाहना र आवश्यकताअनुसार काम गर्नुपर्ने उहाँको भनाइ थियो । सरकारले विपद् व्यवस्थापनमा समेत थप प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताउँदै नेपालले भोटेकोशी बाढीपछि बेपत्ताको खोजी तथा उद्धार कार्यलाई तीव्रता दिन माग गर्नुभयो ।

"देश अहिले विपद्मा छ । हिमाली बाढीका कारण ठूलो जनधनको क्षति भएको छ," उहाँले भन्नुभयो, "खोजी तथा उद्धार कार्यमा सरकारले उपलब्ध स्रोतसाधनको परिचालन गर्नुका साथै विभिन्न संघसंस्था र राजनीतिक दललाई समेत परिचालन गर्न सक्नुपर्छ ।"

यसैगरी, भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएका घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने माग पनि नेपालले गर्नुभयो ।

# ब्रिक्स कसैको विरुद्धमा होइन : मोदी

## विश्व शासन व्यवस्थामा सुधारका लागि १० सूत्रीय मार्गचित्र प्रस्ताव; सुरक्षा परिषद् सुधारमा थप ढिलाइ गर्न नहुनेमा जोड

दैनिक समाचारदाता
काठमाडौं, २७ भदौ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रिक्स समूह कुनै देश वा शक्तिको विरुद्धमा नभएको बताउनुभएको छ ।

नयाँ दिल्लीमा शनिबार सुरु भएको ब्रिक्स शिखर सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मोदीले पछिल्लो २० वर्षमा ब्रिक्सले विश्व मञ्चमा महत्वपूर्ण स्थान बनाउन सफल भएको बताउनुभयो ।

"हामी एक-अर्काको दृष्टिकोणको सम्मान गर्छौं र सहमतिका साथ अघि बढ्छौं," उहाँले भन्नुभयो, "अब हाम्रो एकता र सहमतिलाई विश्व मञ्चमा ठोस परिणाममा बदल्ने समय आएको छ ।"

सम्बोधनका क्रममा मोदीले विश्व शासन व्यवस्थामा सुधारका लागि १० सूत्रीय मार्गचित्रसमेत प्रस्ताव गर्नुभयो । विश्वले सामना गरिरहेका विभिन्न चुनौती समाधानका लागि ग्लोबल साउथ केवल नियम पालना गर्ने पक्ष नभई नियम निर्माण गर्ने पक्ष पनि बन्नुपर्नेमा उहाँले जोड दिनुभयो । संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा सुधारका लागि अब थप प्रतीक्षा गर्न नसकिने मोदीको भनाइ थियो । उहाँले विश्वव्यापी संकटको अग्रपंक्तिमा रहेका ग्लोबल साउथका मुलुकको निर्णय प्रक्रियामा भने अपेक्षित सहभागिता नरहेको बताउनुभयो ।

"आज ग्लोबल साउथ विश्वव्यापी संकटको पहिलो पंक्तिमा छ, तर निर्णय प्रक्रियामा उसको स्थान पछाडि छ," मोदीले भन्नुभयो, "हामीले यो विशेषाधिकारयुक्त पिरामिडलाई साझेदारीको मञ्चमा बदल्नुपर्छ, जहाँ हरेक देशको आवाज र हरेक सदस्यको सहभागिता सुनिश्चित होस् ।"

उद्घाटन समारोहमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी जिनपिङ, इरानी राष्ट्रपति मसुद पेजेस्कियान, दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसा, मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिम र इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबियान्तोको समेत उपस्थिति थियो ।

# अधिकार........

अधिकार सुनिश्चित गर्न मोर्चा गठन गरिएको बताए ।

मुलुक प्रभावकारी प्रतिपक्षविहीन अवस्थाजस्तो देखिएको भन्दै शर्माले सरकार र संसद्लाई सही दिशामा अघि बढाउन मोर्चाले दबाब र सहयोगी भूमिका निर्वाह गर्ने बताए । मोर्चालाई तत्कालको चुनावी प्रयोजनमा सीमित नगरी दलित, उत्पीडित तथा पछाडि पारिएका समुदायको अधिकारका लागि दीर्घकालीन अभियानका रूपमा अघि बढाउने उनको भनाइ थियो ।

बबिता पासवानले जस्तो अवस्था कसैले भोग्न नपर्ने गरी राजनीतिक संरचना निर्माण गर्नुपर्नेमा जोड दिँदै शर्माले मोर्चालाई तल्लो तहसम्म विस्तार गरिने बताए । मोर्चामा आबद्ध दल तथा नेतृत्वबाट कमजोरी भए कार्यकर्ता र जनताले निरन्तर खबरदारी गर्नुपर्ने उनको धारणा थियो ।

नागरिक उन्मुक्ति पार्टी नेपालका अध्यक्ष रेशम चौधरीले लाल आयोगको प्रतिवेदन सार्वजनिक नगरेर सरकारले मधेशी र थारु समुदायमाथि थप अन्याय गरिरहेको आरोप लगाए । पटकपटक सरकार परिवर्तन भए पनि प्रतिवेदन सार्वजनिक गर्न कुनै सरकारले चासो नदेखाएको भन्दै उनले मधेश तथा थारु आन्दोलनका क्रममा पक्राउ परेका र हिरासतमा रहेका कार्यकर्ताको रिहाइ तथा आन्दोलनका माग सम्बोधन गर्न राज्य गम्भीर बन्नुपर्ने बताए ।

मधेश र थारु आन्दोलनमा सहभागी कार्यकर्ताको अधिकार र न्यायका लागि सबै शक्ति एकजुट हुनुपर्नेमा जोड दिँदै चौधरीले संगठनलाई थप सुदृढ बनाएर संघर्ष अघि बढाउनुपर्ने बताए ।

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले देश अहिले राजनीतिक अस्थिरतासँगै आर्थिक, सामाजिक, जलवायु तथा प्राकृतिक विपत्तिजस्ता बहुआयामिक संकटबाट गुज्रिरहेको बताए । यस्ता संकटलाई केवल सत्ता परिवर्तनको दृष्टिकोणबाट हेरेर समाधान गर्न नसकिने उनको भनाइ थियो ।

अग्रगामी मोर्चा सरकार ढाल्ने उद्देश्यले गठन नगरिएको स्पष्ट पार्दै साहले मुलुकलाई जोड्ने, संकटबाट जोगाउने, नयाँ राजनीतिक निकास दिने, विगतका उपलब्धिको रक्षा गर्ने तथा जनताका थप अधिकार सुनिश्चित गर्ने मोर्चाको उद्देश्य रहेको बताए ।

उनले मोर्चालाई देशभर विस्तार गर्दै कार्यकर्ता र जनतासँगको सम्बन्ध बलियो बनाउने तथा विचार, संगठन र संघर्षको तयारीलाई सँगसँगै अघि बढाउने बताए ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई राज्यले नियतवश फसाउन खोजेको आरोप लगाए । आफूहरूमाथि पनि विगतमा राज्यबाट यस्तै व्यवहार भएको दाबी गर्दै उनले अधिकारको संघर्षमा नेतृत्वको मनोबल बलियो बनाउन गाउँगाउँ पुगेर संगठन सुदृढ गर्नुपर्ने बताए ।

राज्यको व्यवहारमा दोहोरो मापदण्ड रहेको आरोप लगाउँदै राउतले हत्या तथा हिंसामा संलग्नमाथि कारबाही नहुने तर सामान्य नागरिकलाई समेत ठूला मुद्दा लगाएर फसाउने गरिएको बताए । वर्तमान सरकार जनआन्दोलन र लामो संघर्षबाट प्राप्त अधिकार खोस्ने दिशामा अघि बढिरहेको आरोप लगाउँदै उनले अधिकार संरक्षणका लागि परिवर्तनकारी शक्तिबीच सहकार्य आवश्यक रहेको धारणा राखे ।

भेलामा नेताहरूले मोर्चालाई संगठनात्मक रूपमा तल्लो तहसम्म विस्तार गर्दै जनताका अधिकार, न्याय, सुशासन र संघीयताको सुदृढीकरणका मुद्दालाई साझा अभियानका रूपमा अघि बढाउने बताएका थिए ।

# नागरिक.......

नेपाल मधेश फाउण्डेशनका कार्यकारी निर्देशक अनिरुद्ध साहले नागरिक चबुतरामा धेरै मुद्दा उठेको र अझै पनि केही महत्वपूर्ण विषय छुट्न सक्ने बताए । उनले उठाइएका मुद्दालाई प्राथमिकताका आधारमा उच्च, मध्यम र सामान्य गरी वर्गीकरण गरेर समाधानको प्रक्रियामा लैजानुपर्नेमा जोड दिए ।

'सबै मुद्दालाई पूर्णरूपमा समाधान गर्न हामी सफल नहुन पनि सक्छौं । तर, यीमध्ये केही मुद्दामा मात्रै सफलता हासिल गर्न सके पनि समाजभित्रका विकृति हटाउन, सामाजिक सुधार ल्याउन र सभ्य समाज निर्माणमा योगदान पुऱ्याउन सकिन्छ,' उनले भने ।

त्यस्तै, साहित्यकार तथा पत्रकार नित्यानन्द मण्डलले विगतमा गरिब, दलित, अपाङ्गता भएका व्यक्ति तथा राज्यसँग सम्बन्धित विभिन्न सवाललाई सार्वजनिक पैरवी, जनचेतना अभियान र बहुसरोकारवालाबीचको संवादमार्फत समाधानतर्फ लैजान सकिएको बताए ।

उनले नागरिक चबुतरामा उठेका सवाललाई प्राथमिकताका आधारमा वर्गीकरण गरी तत्काल सम्बोधन गर्न सकिने, पैरवी आवश्यक पर्ने र थप अनुसन्धान गर्नुपर्ने मुद्दा छुट्याउनुपर्ने बताए ।

'अहिले ३४ वटा मुद्दा उठेका छन् । यीमध्ये तत्काल पाँचवटा मुद्दालाई छनोट गरेर पैरवी, संवाद तथा सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी समाधानतर्फ अघि बढाउने प्रयास गरिनेछ,' उनले भने ।

कार्यक्रममा राजनीतिक विश्लेषक तुलानारायण साह, इन्सेक मधेश प्रदेश संयोजक राजु पासमान, महिला अधिकारकर्मी जमुना भुजेल, सुभद्रा आले, प्रदीप दत्तलगायत एक दर्जनभन्दा बढी सहभागीले विभिन्न मुद्दा तथा सुझाव प्रस्तुत गरेका थिए ।

# अस्पतालबाहिरै.....

मोर्चाले नागरिकको मौलिक हकका रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा तथा सुरक्षित मातृत्वको अधिकारबाट विपन्न दलित समुदायलाई वञ्चित गरिनु दुःखद् र निन्दनीय भएको जनाएको छ ।

विज्ञप्तिमा यस्तो संवेदनशील अवस्थामा मानवीय संवेदनशीलता गुमाएर व्यवहार गर्ने स्वास्थ्य नीति विपरीत कार्यमा संलग्न अस्पताल प्रशासन, चिकित्सक, अधिकृत, मेडिकल सुपरभाइजर तथा कर्मचारीमाथि कडा कारबाही गर्न माग गरिएको छ। साथै पीडित परिवारलाई उचित न्याय र क्षतिपूर्ति उपलब्ध गराउन सम्बन्धित निकायसँग माग गरिएको छ।

मोर्चाले आगामी दिनमा दलित वा अन्य कुनै पनि महिलामाथि यस्ता अमानवीय तथा विभेदकारी घटना दोहोरिन नदिन सम्बन्धित निकायलाई सचेत गराउँदै घटनाप्रति आवश्यक निगरानी र संवेदनशीलता अपनाउन आग्रह गरेको छ।


# आशय पत्र आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिती २०८३/०५/२८)

प्लान इन्टरनेशनल नेपालको सहयोगमा सामुदायिक परिवार कल्याण संघ (CFWA) धनुषा द्वारा संचालित सशक्त बालिका परियोजना (GSS) र बाल प्रत्याभुत व्यवस्थापन (Child Sponsorship Management) परियोजना धनुषा जिल्लाको विभिन्न ५ वटा स्थानिय तहमा सचांलनमा रहेको छ । यस परियोजना संग सम्बन्धित किशोर कशोरीहरू तथा युवाहरुको लागि 'युवा संजालको संस्थागत क्षमता अभिवृद्धि तालिम (Youth Networks institutional capacity building trainings)' सञ्चालन गर्न आवश्यक रहेको हुदा योग्य तथा अनुभवी प्रशिक्षक, सेवा प्रदायक संस्था तथा परामर्शदाता बाट सेवा खरिद गर्न यो सूचना प्रकाशन गरिएको छ । साथै उल्लेखित कार्य सम्पादन गर्न इच्छुक व्यक्ति तथा फर्महरुबाट आजको मितिले ७ (सात) दिन भित्र यस संस्थाको ठेगानामा आशय पत्र पेश गर्न अह्वान गरिन्छ ।

| क्र.सं. | सेवाको विवरण | कैफियत |
| --- | --- | --- |
| १. | युवा संजालको संस्थागत क्षमता अभिवृद्धि तालिम (Youth Networks institutional capacity building trainings) संचालन | ३ दिनको हिसावले २ स्थानमा |

**शर्तहरू**

१. आशाय पत्र पेश गर्ने व्यक्ति तथा फर्महरुबाट सूचना प्रकाशन भएको मतिले ७ (सात) दिन भित्र यस संस्थाको कार्यालयमा मिति २०८३ असोज ३ गते कार्यालय समय ५:०० बजे भित्र आशय पत्र पेश गर्नु पर्ने छ ।

२. आवश्यक योग्यता तथा अनुभवः
व्यक्तिगत परामर्शदाताको हकमा (Qualifications Experience for Individual consultant):
**शैक्षिक योग्यता** : सामाजिक विज्ञान (Sociology), सामाजिक कार्य (Social Work), विकास अध्ययन (Development Studies), सार्वजनिक प्रशासन (Public Administration) वा सोसरहको विषयमा कम्तीमा स्नातक (Bachelor's Degree) उत्तीर्ण भएको (स्नातकोत्तर तहलाई प्राथमिकता दिइनेछ साथै वायो डाटा, नेपाली नागरिक्ता को प्रतिलिपी,सम्वन्धित कार्यअनुभवको प्रमाणपत्र को प्रतिलिपी हस्ताक्षार गरिएको Self Declaration form and child safe guarding policy.
**संस्थागत परामर्शदाता को हकमा** : फर्म दर्ताको (प्रमाणपत्र, प्यान, भ्याट दर्ताको प्रमाण पत्र, कर चुक्ता प्रमाण(पत्र (आ.व.०८१/८२), तथा अनुभवको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३. आशय पत्रमा प्रस्तावित प्राविधिक प्रस्तावना तथा वितिय प्रस्तावना छुटा छुटै तयार गरी पेश गर्नु पर्नेछ । केरमेट गरेको वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।

४. आशय पत्र खाम बन्द गरी तल उल्लेखित ठेगाना मा वुझाउन सकिने छ वा तथा उल्लेखित e-mail मा पनि पठाउन सकिने छ ।

५. प्रस्तावना पत्रमा दर भाउ राख्न छुटाएका, म्याद नाघी आएका, सर्त रहित र माग गरे बमोजिमका कागजातहरु संलग्न नभएका पत्र माथि कुनै कारवाही गरिने छैन ।

६. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित सम्पर्क नम्बरमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

७. आशय पत्र कारण खुलाई वा नखुलाई पुरै अथवा आंशिक स्विकृत गर्ने वा पुरै रद्ध गर्ने सर्वअधिकार सामुदायिक परिवार कल्याण संघको खरिद समितिमा निहित रहनेछ ।

८. आशय पत्रसंग Self Declaration form and child safe guarding policy पनि सही छाप गरी पेश गर्नु पर्नेछ । उक्त फर्म र तालिम सम्वन्धि कार्य शर्त Terms या Reference (TOR) यस संस्थाको कार्यालयबाट उपलब्ध गराईनेछ ।

**आशय पत्र पेश गर्ने ठेगाना:**

## सामुदायिक परिवार कल्याण संघ,

जनकपुरधाम (१२ शारदानगर (राराब क्याम्पस देखि पूर्व), धनुषा, मधेश प्रदेश नेपाल
फोन नं. ०४१(४२५१०३
E-mail: cfwadhanusha@gmail.com


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४